पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ११९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख २९ गते सोमबार ❑ 12 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पर्यटन र कृषिलाई पहिलो प्रथामिकता दिनेछौं मुख्यमन्त्री: पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २८ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आउँदो बर्षको नीति तथा कार्यक्रम एवं बजेटमा पर्यटन र कृषिलाई नै प्रदेश सरकारले पहिलो प्रथामिकता दिने बताउनु भएको छ।

नेपाल प्रेस यूनियनको आयोजनामा पोखरामा सुरू भएको लोमाङथाङ ईन्टरनेशनल मिडिया समिट समारोहको आइतबार पोखरामा उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले पर्यटन र कृषिबाट यस क्षेत्रको आर्थिक विकास गर्न सकिने हुदाँ यसलाई आगामी बजेटमा पहिलो प्रथामिकता दीने बताउनु भएको हो। यस क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न प्रदेश सरकारले सह लगानीमा विभिन्न क्षेत्रमा लगानी गर्न तयार रहेको मुख्यमन्त्री पाण्डेले जनाउनु भयो । पोखराको सौन्दर्यता बचाउनु भनेको फेवाताल बचाउनु भएको उल्लेख गर्दै उहाँले फेवाताल बचाउने बिषयमा सर्वोच्च अदालयले भनेको हुबहु रुपमा पालना गर्ने अन्तिम अबस्थामा आफुहरु रहेको जिकिर गर्नुभयो । फेवातालको ६५ मिटर जग्गा अधिग्रहण गर्ने बिषय प्राविधिक रुपमा काम भई रहेको उहाँको दाबी छ। हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर धेरै परेको उल्लेख गर्दै उहाँले मुस्ताङमा पानी नपर्ने स्थानमा




हाल पानी परेर बढी आउन थालेको जसले गर्दा जोखिम बढेको जनाउनुभयो । पानीका मुहानहरु सुक्न लागेको दाबी गर्दै मुख्यमन्त्री पाण्डेले यसले गर्दा हिमाली क्षेत्रको जनजीजन कष्टकर बन्दै गएको दाबी गर्नुभयो । प्रदेशका जनताको माग अनुसार गण्डकी प्रदेशको राजधानी पोखरालाई पर्यटनको राजधीनको रुपमा घोषणा गरिएको बताउदै उहाँले आफ्नो क्षेत्र घोषणा गर्न कोहि कसैसित कानूनी बैधता लिन आवश्यक नभएको जिकिर गर्नुभयो। प्रदेश सरकारलाई अझै पनि जग्गा प्राप्तीको समस्या झेल्नु परेको मूख्यमन्त्री पाण्डेले गुनासो गर्नुभयो। मुस्ताङमा ९८ प्रतिशत जसो जमिन नापी विना रहेको उहाँको भनाई थियो । संघिय सरकार भन्दा प्रदेश सरकारले गरेका सडक बाटो र खानेपानी बढी प्रभावकारी भएको उहाँको तर्क थियो। जनताको नजिकको सरकार स्थानिय र प्रदेश सरकार भएको मुख्यमन्त्री पाण्डेले जनाउनु भयो । कार्यक्रममा पोखराका मेयर धनराज आचार्यले पोखरामा ४३ प्रजातिका २ लाख २६ हजार विरूवा रोप्ने तयारी गरिएको बताउनु भयो। पोखराको औधौगिक क्षेत्र पोखरा ३३ मा स्थान्तरण गर्ने उहाँले बताउनु भयो । पोखरामा विभिन्न दातृ निकाय संघ संस्थाहरुको सहयोगमा ३३ अर्बको सडक पूर्वाधार निर्माण एवं वातावरणमा लगानी भएको मेयर आचार्यले दाबी गर्नुभयो । फेवा बचाउन अबको केही दिनमै पोल गाड्ने अबस्थामा आफुहरु पुगेको उहाँले जनाउनुभयो।

नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले अहिलेको डिजिटल युगमा कसरी अघि बढ्ने जिम्वेवार पूर्ण वहन गर्न आग्रह गर्नुभयो । जलवायु परिवर्तनको सामना गर्न रणनीति योजना बनाउन समिटले सहयोग पुन्ने उहाँले विश्वास व्यक्त गर्नु भयो । होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले मुग्लीङ पोखरा सडक धेरै सहज भएको बताउनुभयो। पोखरा क्षेत्रको पर्यटन पहिलाकै अबस्थामा फर्काउन सबैको साथ र सहयोग आवश्यक भएको उहाँले बताउनु भयो । प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेले प्रविधिको तिव्र बिकासले अहिलेको पत्रकारितामा जोखिम बढेको बताउनुभयो । नेपाल प्रेस यूनियनका अध्यक्ष शिव लम्सालको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा प्रेस यूनियनका केन्द्रीय उपाध्यक्ष ऋषिराम पौडेल, गण्डकी प्रदेशका प्रेस रजिस्ट्रार बिमला भण्डारी, नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, प्रेस युनियन प्रदेश अध्यक्ष टंकराज अधिकारी लगायतले पत्रकार र जलजायु परिवर्तनको बिषयमा चर्चा गर्नुभएको थियो। वैशाख २६ गतेदेखि सुरु भएको उक्त समिटि यही वैशाख ३१ गतेसम्म संचालन हुने भएको छ। उक्त समिटमा १० देशका ११ जना सहित देशै भरबाट करिब २ सय जनाको सहभागिता रहेको प्रेस यूनिय गण्डकीका सचिव प्रकाश ढकालले बताउनुभयो । टोलीले भोलि जोमसोम पुगेर छलफल गर्ने छ । साथै टोलीले मुस्ताङ (लोमाङथाङ) बाट घोषणा पत्र समेत जारी गर्ने भएको छ।

## प्रेस स्वतन्त्रता र पत्रकारिता विषयमा छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २८ बैशाख

नेपाल प्रेस युनियनको आयोजनामा सुरु भएको ' लोमान्थाङ अन्तरराष्ट्रिय मिडिया समिट'अन्तर्गत दोस्रो दिन आइतबार पोखरामा 'प्रेस स्वतन्त्रता र पत्रकारिता विषय' मा छलफल गरिएको छ।

छलफलका वक्ताहरूले प्रेस स्वतन्त्रताको विषय अहिले पनि उत्तिकै चुनौतीपूर्ण भएकामा जोड दिँदै पत्रकारिता क्षेत्रमा देखिएका चुनौती सम्बन्धमा आ-आफ्ना धारणा राख्नुभएको थियो । रासस कार्यकारी अध्यक्ष एवम् नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष धर्मेन्द्र झाले सो कार्यक्रमको सहजीकरण गर्नुभएको थियो भने वक्ताका रूपमा वरिष्ठ पत्रकारहरू हरिबहादुर थापा, डा जगत नेपाल, किशोर नेपाल र लक्ष्मण हुमागाईं रहनुभएको थियो । छलफलको सुरुआत गर्दै अध्यक्ष झाले प्रेस स्वतन्त्रताको विषय आफैँमा महत्वपूर्ण रहेको बताउनुभयो। समाचारका विषयमा विज्ञापनले पार्ने गरेको प्रभाव, सञ्चार क्षेत्रको नियमन, स्वनियमन, पछिल्ला समयमा देखिएका चुनौतीलगायतका विषयमा उहाँले छलफल सुरु गराउनुभएको थियो। छलफलमा पत्रकार हरिबहादुर थापाले प्रेस स्वतन्त्रताको विषय अहिले पनि चुनौतीपूर्ण रहेको बताउँदै वर्तमानमा पनि यसको विभिन्न किसिमबाट हनन हुने गरेको बताउनुभयो । पछिल्लो समयमा पुनः प्रेस स्वतन्त्रता विरोधी गतिविधि बढिरहेको उल्लेख अध्यक्ष झाले। पछिल्ला समयमा पनि पत्रकारमाथि भौतिक आक्रमण भइरहेका विषयहरू गम्भीर रहेको उहाँको भनाइ छ । प्रेस स्वतन्त्रता कुण्ठित हुन जाने तथा गएका अवस्थामा संसद् एवम् संसदीय समितिका माध्यमबाट विभिन्न कुराहरू उठाउने गरिएको उहाँले बताउनुभयो। डा जगत नेपालले नेपालमा सञ्चारमाध्यमको सङ्ख्या बढ्दै गएका अवस्थामा यिनको प्रभाव भने घट्दै जानु चुनौतीपूर्ण बनेको धारणा राख्नुभयो । सञ्चारगृहले पढेर आएको जनशक्तिलाई यस पेसाप्रति आकर्षण गर्न नसकेको उहाँले बताउनुभयो । सञ्चारमाध्यम समाजको पहरेदार भएको उल्लेख गर्दै उहाँले सञ्चारमाध्यमबाट पस्कने विषयवस्तुले समाजलाई मार्गदर्शन गर्ने बताउनुभयो।

पत्रकारिता क्षेत्रमा सेवाको सुरक्षासँगै आर्थिक दृष्टिबाट पनि हिजो सरकारीबाट निजीतर्फ आकर्षण भएकामा आज निजीबाट सरकारीतर्फको आकर्षण बढेको भन्दै उहाँले सञ्चारगृहहरू इन्टर्नसिपका माध्यमबाट चलाउनुपर्ने अवस्था आउनु आफैँमा चुनौतीपूर्ण बनेको उल्लेख गर्नुभयो।

लक्ष्मण हुमागाईंले पत्रकार विचारमा विभाजित हुँदा समस्या हुने गरको बताउँदै उहाँले दबाब, अभाव र प्रभावबाट सञ्चारक्षेत्र प्रभावित बनेको बताउनुभयो। आर्थिक अभावले सञ्चारमाध्यमले प्रस्तुत गर्ने सामग्री उत्पादन हुन नसकेको उहाँले बताउनुभयो । विज्ञापन अवैध धन्दा वैध बनाउन त आएको हैन भन्ने कुरा सोचनीय रहेको उहाँले बताउनुभयो। प्रेस स्वतन्त्रता आम जनताको सरोकारको विषय रहेको र प्रजातन्त्र रहेन भने सञ्चारमाध्यम पनि रहन नसक्ने उहाँको भनाइ छ । सञ्चारमाध्यमको सङ्ख्या बढ्दैमा गुणस्तर नबढ्ने बताउँदै उहाँले सञ्चारमाध्यममा स्वनियमन आवश्यक हुने धारणा राख्नुभयो । पेसागत सुरक्षाका लागि समाजिक सुरक्षा कोषमा आबद्ध गर्ने जस्ता कामलाई अघि बढाउन सकिने भन्दै उहाँले सञ्चारमाध्यमभित्र सुशासनका लागि स्वनियमन पनि उत्तिकै आवश्यक हुने बताउनुभयो । पत्रकार किरण नेपालले प्रेस स्वतन्त्रतालाई राजनीतिक रूपमा मात्र नभई व्यावसायिक रूपमा पनि लिनु जरुरी रहेको बताउनुभयो । सञ्चारमाध्यमलेजनताकोआवाज बोल्नुपर्ने बताउँदै उहाँले यो वा त्यो सरकारबाट समयसमयमा प्रेस स्वतन्त्रताको हनन गर्ने क्रम जारी रहेको बताउनुभयो।

पछिल्ला समयमा सञ्चार क्षेत्रमा विश्वसनीयता कम हुँदै गएको बताउँदै उहाँले समग्र प्रेस विरोधी गतिविधि र प्रवृत्तिहरू एकपछि अर्को रूपमा देखिएको उल्लेख गर्नुभयो । छलफलका क्रममा पत्रकारहरू लिलाराज खनाल, सलोजा दहाल, यम विरहीलगायतले प्रेस स्वतन्त्रा र पत्रकारिता विषयमा जिज्ञासा व्यक्त गर्नुभएको थियो।

## १० बुँदे माग पेश गर्दै प्रेस सेन्टर कास्कीले जिल्ला प्रशासनमा बुझायो ज्ञापन–पत्र

**पोखरापत्र संवाददाता**
पोखरा, २८ बैशाख

पत्रकारको पेसागत हकहित सहित १० बुंदे माग पेश गर्दै प्रेस सेन्टर नेपाल कास्की शाखाले जिल्ला प्रशासन कार्यालय कस्कीमा ज्ञापन–पत्र बुझाएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे मार्फत सङ्घीय सरकारलाई विभिन्न माग सहितको ज्ञापन पत्र बुझाइएको प्रेस सेन्टर कास्कीले जनाएको छ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी पाण्डेले प्रेस सेन्टरले उठान गरेका मागहरू जायज र समय सान्दर्भिक भएको बताउदै यथासक्य छिटो संघिय



सरकार समक्ष उक्त ज्ञापन पत्रलाई सम्बन्धित निकायसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रेस सेन्टर नेपाल कास्की शाखाका अध्यक्ष दीननाथ बरालको नेतृत्वमा सचिव सरोज अधिकारी, सहसचिव अर्जुन हिताङ लगायतको टोली रहेको थियो।

पत्रकारको हत्या, पत्रकार माथि भौतिक आक्रमण, सञ्चार गृहमाथि आक्रमण, पत्रकारको पेसागत सुरक्षा लगायतका विषय प्रति गम्भीर हुँदै आफुहरुले पनि केन्द्रको निर्देशन अनुसार कास्कीमा पनि ज्ञापन पत्र बुझाइएको अध्यक्ष बरालले बताउनु भयो । पत्रकारहरूको पेसागत हक-हित, सञ्चारसँग सम्बन्धित कानुन निर्माणमा भएको ढिलाइ, प्रस्तावित विधेयकहरूमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचित गर्ने प्रवृत्ति, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, सञ्चार क्षेत्रको प्रवर्द्धन गर्दै आएकोमा विद्यमान समस्याहरूलाई हल गर्न ध्यानाकर्षण गराउनका लागि ज्ञापन पत्र बुझाइएको उहाँले बताउनु भयो । संविधान कार्यान्वयनका

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## 'विकासमा राजनीति गरे पछि परिन्छ'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ बैशाख

सरकारका मुख्यसचिव एकनारायण अर्यालले विकासमा राजनीति गरे पछि परिने भएकाले त्यसो गर्न नहुने बताउनुभएको छ।

स्याङ्जाको वालिङ र गल्याङ नगरपालिकाको सङ्गमस्थलमा अवस्थित गह्रौंसुर मन्दिर परिसरमा नवनिर्मित अतिथि गृहको आज उद्घाटन गर्दै मुख्यसचिव अर्यालले विकासलाई राजनीतिभन्दा माथि राखेर कार्य गर्नुपर्नेमा जोड दिनुभयो।

"विकास सबैको साझा हुनुपर्छ र त्यो राजनीतिभन्दा माथि राखेर अगाडि बढ्नु जरुरी छ। विकासका लागि सबैसँग सहकार्य गरी एकजुट भएर अगाडि बढ्नु जरुरी छ", उहाँले भन्नुभयो, "सबैको अपनत्व र सहकार्य भएमा विकासले गति लिन्छ, प्रभावकारी हुन्छ । राजनीति गर्न थालियो भने पूर्वाधार निर्माण पूरा नहुन सक्छन्, जसका कारण विकास निर्माण पछाडि धकेलिन पुग्छ।" एकअर्काप्रति आग्रह पूर्वाग्रहभन्दा पनि सबै मिलेर सहकार्य र समन्वयका आधारमा काम गर्नुपर्ने मुख्यसचिव अर्यालको भनाइ थियो।

विकास निर्माणमा राजनीतिक खिचातानी हुनु दुःखद् पक्ष भएको उल्लेख गर्दै उहाँले राजनीतिबाट माथि उठेर विकास निर्माणमा सहभागी हुन सबैलाई आग्रह गर्नुभयो। सहरी विकास मन्त्रालयको सहयोगमा दर्शनार्थी, विशिष्ट व्यक्ति, उच्च ओहोदाका व्यक्तिलाई आवासीय सुविधासहित सेवा दिनेगरी अतिथि गृह निर्माण गरिएको हो। मुख्यसचिव अर्यालले आजै पुतलीबजार नगरपालिकामा अवस्थित प्रसिद्ध धार्मिक तीर्थस्थल सतौं चण्डीमा पूजाअर्चना गर्नुभयो । उहाँले आजै पुतलीबजार-१ मा नवनिर्मित राष्ट्रिय अनुसन्धान केन्द्र स्याङ्जाको भवन उद्घाटन गर्नुभयो।

# प्रदेश र स्थानीय तहको सहकार्यमा गाउँमै रोजगारी सिर्जना गर्छौं: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
बागलुङ, २८ बैशाख



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश र स्थानीय सरकारको सहकार्यमा गाउँमै रोजगारी सिर्जना गरिने बताउनुभएको छ।

आइतबार बागलुङमा आयोजित गण्डकी प्रदेशस्तरीय न्यायिक सम्मेलनमा उहाँलेनागरिकलाईआयआर्जनसँग जोड्न स्थानीयस्तरमै रोजगार सिर्जना गर्नुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो। मुख्यमन्त्री पाण्डेले अब प्रदेशभित्रका पालिकामा बढी उत्पादन हुने वस्तुलाई प्राथमिकता दिएर जनशक्ति परिचालन गरिने बताउनुभयो । "आगामी वर्षदेखि स्थानीय र प्रदेश सरकारको सहकार्यमा नागरिकलाई गाउँमै आयआर्जनसँग जोड्ने कार्यक्रम ल्याउँछौं, रोजगारी सिर्जना गर्छौं। कुन पालिकामा के उत्पादन हुन्छ त्यसलाई प्राथमिकता दिएर काम गर्ने र जनशक्ति परिचालन गर्ने हाम्रो योजना छ", उहाँले भन्नुभयो। प्रदेश सरकारले गाउँमा ठूलो लगानी गरेर पूर्वाधार निर्माण भए पनि त्यसको उपभोग गर्ने जनसङ्ख्या कम भएकाले गम्भीर भएर सोच्नुपर्ने बेला आएको मुख्यमन्त्री पाण्डेको भनाइ थियो।

पोखरालाई देशकै पर्यटकीय राजधानी घोषणा गरेपछि पर्यटकको सङ्ख्या बढेको बताउँदै उहाँले पर्यटनमार्फत गण्डकीलाई समृद्ध बनाउन सकिने भएकाले पोखरा आउने पर्यटकलाई सबै जिल्लामा पुऱ्याउनका लागि आवश्यक पूर्वधार निर्माण र प्रचारप्रसारलाई जोड दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मुख्यमन्त्री पाण्डेले जनताको घरदैलोमा आवश्यकताअनुसार न्यायको पहुँच पुऱ्याउन स्थानीय र प्रदेश सरकारको साझा जिम्मेवारी रहेको उल्लेख गर्नुभयो । उहाँले स्थानीय तहका न्यायिक समितिलाई न्यायसम्पादनमा सघाउ पुऱ्याउन प्रदेश सरकारले सबै पालिकामा न्यायिक सहजकर्ताको व्यवस्थापन गरेकाले न्यायसम्पादन गर्दा कसैले प्रश्न नउठाउने गरी काम गर्न आग्रह गर्नुभयो।

# हाइकर्स क्लबको हाइकिङ तनहुँको मानुङकोट

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख




हाइकर्स क्लब नेपालको हाइकिङ भाग ५८ तनहुँको मानुङकोट पुगेर सम्पन्न गरेको छ।

क्लबले स्वास्थ र पर्यटनको लागि हाइकिङ भन्ने नाराका साथ बिगत ५ बर्ष देखि हरेक महिनाको अन्तिम शनिबार हाइकिङ कार्यक्रम गर्दै आएको छ। पोखराको दरबारथोकमा भेला भएर नगरबसमा पृथ्वी राजमार्गको मानुङकोट चोक बाट पैदलमार्ग हुँदै ब्यास नगरपालिका वडा नं ५ को १०८० मिटर उचाइमा रहेको पर्यटकीय स्थान मानुङकोट सम्म हाइकिङ गरिएको थियो भने फर्कदा मानुङकोट बाट म्याग्दे गाउँपालिका वडा नं. १ तात्राङ हुँदै वडा कार्यालय अगाडी पृथ्वी राजमार्गमा आएको थियो।

हालसम्म क्लबले गण्डकी प्रदेशका ३ जिल्ला कास्की, स्याङ्जा र तनहुँका विभिन्न ठाउँमा हाइकिङ गराउँदै आएको र तनहुँका थप्रेक गाउँ, दगाम सामुदायिक होमस्टे, किल्चोक अकला मन्दिर, भिमादको घाङ्च ल्हुममा हाइकिङ कार्यक्रम सम्पन्न गरिसकेको क्लबका अध्यक्ष तथा पत्रकार कृष्ण रानाभाटले बताए।

हाइकिङमा सहभागी हुन इच्छुकले क्लबको सदस्य नभए पनि सहभागी हुन सकिने, खानाको र यातायातको दुरिको हिसाबले खर्च तिर्नुपर्ने, संस्थाको सदस्यता आजिवनको ३ हजार र साधारणको ५ सय तोकिएको क्लबकि कोषाध्यक्ष टीका आचार्य सुबेदीले बताइन्।

# 'धोबीघाट मेलोडी' माथि चर्चा

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख

मुकुन्दराज शर्माकृत निबन्ध सङ्ग्रह 'धोबीघाट मेलोडी'माथि शनिबार पोखरामा चर्चा गरिएको छ। र्‍यान्डम रिडर्स सोसाइटीद्वारा आयोजित उक्त कार्यक्रमका वक्ताहरूले निबन्ध कृतिमाथि विभिन्न कोणबाट टिप्पणी राखे।

पत्रकार रघुनाथ वाग्लेले कृतिमा समावेश निबन्धले सशक्त सन्देश दिएको बताउनुभयो। समाजका विकृतिमाथि व्यङ्ग्यको तिखो वाण प्रहार गर्न निबन्ध सफल भएको भन्दै उहाँले देशप्रेमको भावना विस्तार र सामाजिक विसङ्गतिप्रतिको व्यङ्ग्य एकसाथ प्रस्तुत गरेको धारणा राख्नुभयो। "निबन्धमा गरिएका केही नयाँ प्रयोगले निबन्धकार शर्मालाई विशिष्ट पहिचान दिएको छ", उहाँले भन्नुभयो, "लेखकले आफूले जीवनमा देखेभोगेका कुरालाई निबन्धका रूपमा प्रस्तुत गर्नुभएको छ, विचार प्रवाहका दृष्टिले पनि निबन्ध सफल छन्।"

'हिउँचुलीमा हिउँ बग्यो', 'वनमाराले वनै खायो'लगायत चर्चित गीतका गीतकारसमेत रहनुभएका शर्माको यसअघि 'शब्दशिविर' नामक निबन्ध सङ्ग्रह प्रकाशित छ। साहित्यकार सरुभक्तले शर्माका निबन्धमा भएको काव्यिक गुणले आफू प्रभावित भएको बताउनुभयो। निबन्धमै विद्यावारिधि गर्नुभएका डा जीवलाल बस्यालले आफू शर्माका निबन्धसँग लामो समयदेखि परिचित रहेको बताउँदै उहाँका निबन्धमा पाइने छुट्टै स्वादले पाठक प्रभावित हुने गरेको अनुभव सुनाउनुभयो।

सोसाइटीका पूर्वअध्यक्ष उपेन्द्र पौडेलले कृति विभिन्न फूलहरूको मालाजस्तै सुन्दर बनेको भनाइ राख्नुभयो। हरेक महिनाको अन्तिम शनिबार कुनै विषय वा कृतिमाथि बहस गर्ने गरिएको सोसाइटीका अध्यक्ष रूपिन्द्र प्रभावीले बताउनुभयो । आगामी जेठको अन्तिम शनिबार सुरेश भुसालको कृति 'छालबाटो'माथि रोशन शेरचनले परिचर्चा गर्ने कार्यक्रम रहेको सोसाइटीले जनाएको छ।

# जनताको पक्षमा हुनेगरी संविधान संशोधन गर्न आवश्यक छ: अध्यक्ष प्रचण्ड

रासस
काठमाडौं, २८ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको पक्षमा हुनेगरी संविधान संशोधन गर्न आवश्यक रहेको बताउनुभयो।

आइतबार यहाँ किरात र लिम्बूवान् राष्ट्रिय मुक्ति मोर्चा, नेपालको संयुक्त राष्ट्रिय सम्मेलन उद्घाटन गर्दै उहाँले संविधानलाई परिवर्तन नभई परिमार्जनको दस्ताबेजका रूपमा लिनुपर्ने बताउनुभयो । अध्यक्ष प्रचण्डले संविधान जनताको चाहना र आवश्यकताअनुसार समयसापेक्ष संशोधन गर्नु आजको आवश्यकता रहेको बताउनुभयो । संविधान निर्माणदेखि सङ्घीय संरचनाको आधार तयार पार्न माओवादीको भूमिकाले वर्गीय र जातीय उत्पीडन अन्त्यका लागि निर्णायक मोड दिएको उहाँले दाबी गर्नुभयो । "समावेशिता, प्रतिनिधित्व र समानताको सवालमा हाम्रो पार्टीले विगतदेखि हालसम्म खेलेको भूमिका सबैलाई जानकारी नै छ। अब त्यसमा जहाँ कमजोरीहरू छन्, त्यहाँ संशोधन गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो,"हामीले वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय विभेद अन्त्यका लागि सङ्घर्ष मात्र नभएर त्यसलाई संस्थागत गर्दै शान्तिपूर्ण राजनीतिको धारामा रूपान्तरण गर्न निरन्तर भूमिका खेलिरहेका छौं।"

पूर्वप्रधानमन्त्री दाहालले संविधानको रक्षा, लोकतन्त्रको सुदृढीकरण गर्न, आर्थिक विकास र समृद्धिका लागि जनताले कृषिलगायत क्षेत्रमा भोग्दै आएका समस्या समाधानको सङ्कल्पसहित अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

# १० बुँदे ...

लागि बन्नुपर्ने सञ्चार नीतिहरू अहिले पनि सरकारको प्राथमिकतामा नपरेकाले तत्काल संविधानको भावना अनुसार पूर्ण प्रेस स्वतन्त्रता मैत्री कानुन निर्माण हुनुपर्ने माग समेत राखेको छ भने लोककल्याणकारी विज्ञापनलाई बजेट मार्फत शतप्रतिशत वृद्धि र विज्ञापन ऐनमा भएको व्यवस्था अनुसार तत्काल सबै प्रकारका सञ्चार माध्यमले पाउने गरी समानुपातिक विज्ञापन वितरण प्रणाली लागू गर्न, स्थानीय विज्ञापनमा स्थानीय सञ्चार माध्यमलाई प्राथमिकता दिन र केन्द्रबाट वितरण हुने सरकारी विज्ञापन स्थानीय तहका सञ्चार माध्यमले समेत पाउने गरी समानुपातिक वितरण प्रणाली लागू गर्न पनि माग गरिएको छ।

त्यस्तै पत्रकार स्वास्थ्य बिमा र जीवन बिमाको व्यवस्था गर्न, सञ्चारकर्मीहरूले खरिद गर्ने सञ्चार सामग्री अनुदान र सञ्चार गृहका लागि सवारी साधन खरिद प्रक्रियामा भन्सार कर छुटको व्यवस्था, सञ्चार उपकरणमा बिमाको व्यवस्था गर्न, सञ्चारका विभिन्न माध्यममार्फत संविधान माथि भइरहेको प्रहारलाई रोक्न र आगामी वर्षको बजेटमा स्थानीय तहसम्मै स्थानीय सञ्चारको प्रवर्द्धन, सीप अभिवृद्धि तथा पत्रकार सङ्गठन सुदृढीकरणका लागि बजेट विनियोजन गर्न माग गरिएको छ । यसका साथै जिल्लाका कुनै पनि स्थानीय तहहरूमा अहिलेसम्म लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि निर्माण नभएको हुँदा तत्काल कार्यविधि बनाएर पारदर्शी विज्ञापन वितरण सुनिश्चित गर्न, समाचारको विषयमा पत्रकारमाथि भइरहेका आक्रमण, धम्की, मानमर्दन जस्ता घटनाहरूको अन्त्य गर्न र पत्रकार सुरक्षाको प्रत्याभूति गर्न, सबै सरकारी कार्यालयमा सूचनाको हक कार्यान्वयन गर्न र जिल्ला बाहिर जाने विज्ञापनलाई रोकी जिल्लाकै सञ्चार माध्यमलाई दिन समेत माग गरिएको छ।

यसैबिच, प्रेस सेन्टर नेपाल गण्डकी प्रदेशले पनि प्रदेश सरकार समक्ष ज्ञापन पत्र बुझाएको उपाध्यक्ष सन्तोष गौतमले बताउनु भयो । त्यस्तै, केन्द्रीय कार्यक्रम अनुसार देशभरका पालिका, जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकार र सङ्घीय सरकारलाई एकै पटक ज्ञापन पत्र बुझाइएको केन्द्रिय अध्यक्ष कमल गिरीले बताउनु भयो । देश भर सेन्टरमा ५ हजार पत्रकार आबद्ध भएको उहाँले दाबी गर्नुभयो।

# जनप्रियलाई अण्डर १६ विद्यालयस्तरीय क्रिकेट उपाधि

विशाल गाहा मगर/सागर परियार
पोखरा, २८ बैशाख



अण्डर १६ विद्यालयस्तरीय टी २० क्रिकेट प्रतियोगिताको उपाधि जनप्रिय सेकेण्डरी स्कुलले जितेको छ । आईतबार पोखरा रंगशाला क्रिकेट मैदानमा भएको फाईनल प्रतिस्पर्धामा जनप्रियले सृजना बोर्डिङलाई ९ विकेटले पराजित गर्दै उपाधि उचाल्यो।

सृजनाले पहिलो इनिङ शुरु गर्दै ८७ रनको लक्ष्य प्रस्तुत गऱ्यो। अघिल्लो खेलमा निकै उत्कृष्ट व्याटिङ गरेका सोनु यादवले ३२ रन बनाए। उनले २३ बल खेल्दै ५ चौका प्रहार गरे। उनको प्रतियोगिता अवधिमै उत्कृष्ट व्याटिङ देख्न पाईयो। त्यस्तै किरण क्षत्रीले केवल ७ रन मात्रै बनाए।

टस हारेर व्याटिङ गरेको सृजनालाई सस्तैमा समेटन् जनप्रियका मौसम भट्टराईले ३ विकेट लिए । ८७ रनको लक्ष्य पछ्याएको जनप्रियका ओपनर यथार्थ पौडेल र मौसम भट्टराईको जितको आधार तयार बनाईदिए । पौडेलले ३३ बलमा ८ चौका सहित ३९ रन बनाए । भट्टराईले पनि २५ रन बनाउन ३७ बल खेले। प्रतियोगितामा कास्कीका ५ विद्यालयले प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा हिमालयन बोर्डिङका सुदर्शन कोईराला बेष्ट बलर घोषित भए । जनप्रियका मौसम भट्टराई( ११११ रन)बेष्ट ब्याटर घोषित भए। उनी प्लेयर अफ दि सिरिज समेत बने । फाईनल खेलको प्लेयर अफ दि म्याच पनि भट्टराई नै घोषित भए।

विजेता तथा उपविजेता विद्यालयलाई राष्ट्रिय खेलकुद परिषदका बोर्ड सदस्य डा.मधुसुदन सुवेदी, कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सन्जयकान्त सिग्देल, गण्डकी प्रदेशका क्रिकेट प्रशिक्षक रिजन प्रजु तथा प्रतियोगिताका संयोजक जिम्मी गुरुङ लगायतले पुरस्कार प्रदान गरेका थिए। कास्की जिल्ला क्रिकेट संघले सोमबारदेखि अण्डर १६ को लागि खुल्लासत्रको प्रशिक्षण शुरु गर्ने जनाएको छ।

संघका सदस्य कमल थापामगरका अनुसार दुई दिनको खुल्लासत्रपछि छनोट गरिएको खेलाडीलाई बन्द प्रशिक्षणमा राखिने छ । बन्द प्रशिक्षणबाट प्रदेशमा सहभागिता जनाउने कास्कीको टिम तयार पारिने छ।

# नि:शुल्क स्वास्थ्य शिविरबाट ३ सय लाभान्वित

विनिता गाहामगर/सविना कुवर
पोखरा, २८ बैशाख




कास्कीको मादी गाउँपालिकाको धनुवास कालिका माध्यमिक विद्यालयमा आयोजित निःशुल्क स्वास्थ्य शिविरबाट ३ सय जना लाभान्वित हुनु भएको छ।

२५६९ औं बुद्ध जयन्तीको अवसरमा युवा बौद्ध संघ, धर्मशीला बुद्ध विहार, पोखरा द्वारा साप्ताहिक कार्यक्रम अन्तर्गत आयोजित ल्याब परिक्षण, औषधी वितरण सहित निःशुल्क स्वास्थ्य शिविरबाट ३ सय जना लाभान्वित हुनु भएको मादी गाउँपालिका ७ का वडा अध्यक्ष दुर्गा बहादुर गुरुङ्गले बताउनु भयो । प्रमुख अतिथि द्वय भिक्षु धजवन्तो तथा मादी गाउँपालिका अध्यक्ष देवीजंग गुरुङ्गले उक्त कार्यक्रमको उद्घाटन गर्दै गाउँ गाउँमा यस्ता स्वास्थ्य शिविर आवश्यक भएकोमा जोड दिनुभयो।

आयोजक युवा बौद्ध संघ, धर्मशिला बौद्ध विहारका अध्यक्ष कमला थापाको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक बरिष्ठ बालरोग विशेषज्ञ डा.भाईरत्न शाक्य, बरिष्ठ हाडजोर्नी तथा नसा रोग डा.यज्ञमान शाक्य लगायत अन्य डाक्टरहरुको उपस्थितीमा संचालन गरिएको सहसंयोजक रवि उदासले बताउनु भयो। उक्त कार्यक्रमबाट आफुहरु निकै प्रभावित भएको सह-सचिव प्रिति बुद्धाचार्यले जनाउनु भयो।

मादी ७ का वडा अध्यक्ष दुर्गा बहादुर गुरुङ्गले युवा बौद्ध संघ, धर्मशीला बुद्ध विहार, पोखरा द्वारा साप्ताहिक कार्यक्रम अन्तर्गत मादी ७ मा निशुल्क स्वास्थ्य शिविर कार्यक्रम संचालनको लागि सहयोग गर्नुभएकोमा उक्त संस्था स्वास्थयकर्मी तथा सम्पूर्ण चिकित्सक टोली र मादी आधारभूत अस्पतालका डा.विनोद बराल, मादी गाउँपालिका स्वास्थ्य प्रमुख गोपाल चन्द्र बराल, धनुबास कालिका मा.वि.का प्र.अ. गोपाल सापकोटा तथा मादी आधारभूत अस्पतालका सम्पूर्ण कर्मचारी, जनप्रतिनिधिहरु, व्यंसेविकाहरु, टोल संयोजकहरु मादी ७ वडा कार्यालयका कर्मचारीहरुको साथ र सहयोगमा स्वास्थ्य शिविर भव्य रुपमा सम्पन्न गराउनु भएकोमा सम्पूर्णमा धन्यवाद दिनुभयो।

साथै आगामी दिनमा यस्तै स्वास्थ्य शिविरहरु संचालनको लागि युवा बौद्ध संघ, तथा चिकित्सक टोलीलाई अनुरोध गर्नु भयो। शिविरमा सेवा लिने मादी-७ वासी सेवाग्राहीहरु निकै खुसी हुदै सबैलाई धन्यवाद दिनु भएको थियो । उक्त स्वास्थ्य शिविर व्यवस्थापन मादी गाउँपालिकाको कार्यालय र मादी आधारभूत अस्पताल छाचोक तथा मादी-७ वडा कार्यालय रहेको थियो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# लमजुङमा १७ आयोजनाबाट विद्युत् उत्पादन

रासस
लमजुङ, २८ बैशाख

जलविद्युत् 'हब' बन्दै गएको लमजुङमा १७ आयोजनाले विद्युत् उत्पादन गरिरहेका छन् । जिल्लास्थित मर्स्याङ्दी नदी, दोर्दी, मिदिम, ङादी, स्याँगे, खुदीलगायत खोलाबाट यतिका सङ्ख्यामा आयोजनाले बिद्युत् उत्पादन गरिरहेका हुन् ।



लमजुङ विद्युत वितरण केन्द्रका प्रमुख मेघनाथ भट्टराईका अनुसार जिल्लामा उत्पादित उक्त सङ्ख्याका आयोजनाबाट करिब ३०० मेगावाट विद्युत् उत्पादन हुने गरेको छ । उक्त केन्द्रका अनुसार जिल्लामा सबैभन्दा बढी मर्स्याङ्दी नदीमा निर्माण भएको ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत, ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख', ५० मेगावाटको अपर मर्स्याङ्दी, ३० मेगाावट क्षमताको न्यादी हाइड्रोपावर, २७ मेगावाटको दोर्दीखोला, २५ मेगावाटको अपर दोर्दी 'ए', १२ मेगावाटको दोर्दी-१, ७ मेगावाटको उपर मिदिम, पाँच मेगावाटको सिउरीखोला तथा चार दशमलव चार मेगावाटको राँधीखोला आयोजनाबाट विद्युत् उत्पादन भइरहेको छ । त्यसैगरी चार-चार मेगावाट क्षमताको खुदीखोला साना जलविद्युत् आयोजना र अपर छन्दीखोला, तीन मेगावाटको मिदिमखोला, दुई दशमलव चार मेगावटको अपर स्याँगे खोला, दुई मेगावाटको छन्दीखोला, १८३ किलोवाटको स्याँगे माइक्रो हाइड्रो र ८० किवाको मिदिम माइक्रो हाइड्रोबाट विद्युत् उत्पादन भइरहेको छ ।

जिल्लामा ४० हजार ५४२ ग्राहक रहेको उक्त केन्द्रले जनाएको छ । केन्द्रीय विद्युत् लाइन केहीकेही भागबाहेक जिल्लाको अधिकांश भागमा पुगेको कार्यालय प्रमुख भट्टराईले बताउनुभयो । उहाँका अनुसार जिल्लामा चालू आर्थिक वर्षको साउनदेखि चैतसम्म दुई करोड ३९ लाख, आठ हजार ९२५.९० युनिट बिजुली बिक्री भएको छ । सोबाट रु १९ करोड ५३ लाख ५४ हजार उठेको छ । केन्द्रका अनुसार जिल्लामा ११ जलविद्युत् आयोजना निर्माणाधीन छन् । सोमध्ये मर्स्याङ्दी बैंसी ५० मेगावाट, सुपर न्यादी हाइड्रो ४० दशमलव २७, अपर खुदी २१ दशमलव २१, न्यादी फिदी २१ मेगावाट, मिदिमखोला-१ आयोजनाबाट १३ दशमलव ४२४, १२ दशमलव छ मेगाावट क्षमताको लोयर न्यादी, छ दशमलव ८२ मेगावाट क्षमताको हिदीखोला, चार दशमलव आठ मेगावाट क्षमताको मिडिल मिदिम, दुई मेगावाट क्षमताको चेपेखोला क्यास्केड, एक दशमलव छ मेगावाटको लोदोखोला साना आयोजना र शून्य दशमलव ९९६ मेगावाट क्षमताको लोअर मिदिम आयोजना निर्माणाधीन छन् । लमजुङमा दुई हजार ५०० मेगावाट क्षमता विद्युत् उत्पादन हुनसक्ने अनुमान छ ।

# स्याङ्जाको चापाकोटमा डिप बोरिङ

पोखरापत्र संवाददाता
स्याङ्जा, २८ बैशाख

स्याङ्जाको चापाकोट नगरपालिका-९ पाकरीमा सिँचाइका लागि डिप बोरिङ निर्माणलाई तिब्रता दिईएको छ । डिप बोरिङ निर्माण भएपछि त्यस क्षेत्रका दुई सय रोपनी भन्दा बढि क्षेत्रफलमा सिँचाइ र कृषि उत्पादनमा बृद्धि हुने विश्वासमा डिप बोरिङको कामलाई तिब्रता दिईएको हो ।

भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालय गण्डकी प्रदेश नवलपुरको आर्थिक तथा प्राविधिक सहयोगमा पहिलो चरणको काम सकिएको छ । पहिलो चरणमा प्रदेश सरकारले विनियोजन गरेको २० लाखबाट डिप ट्यूबेल खन्ने काम भएको बताउँदै सिनियर सब-इन्जिनिर मुकेश विकले दोस्रो चरणमा पम्प जडान गर्न घर निर्माण, विद्युत जडान र वितरणको काम हुने बताए । प्रति सेकेन्ड दुई लिटर मात्रै पानी निस्केको हुँदा धान खेती गर्नका लागि नभए पनि नगदे बालिका लागि पानी प्रशस्त पुग्ने सब-इन्जिनियर विकको भनाइ छ । क्रमागत योजना भएको हुँदा प्रदेश सरकारले आवश्यक बजेट व्यवस्था गरेमा अर्को वर्ष योजना सम्पन्न हुने बताउँदै विकले भने, 'योजना सम्पन्न गर्न



झण्डै ५० लाख लागत अनुमान गरिएको छ ।' जिल्लामा यसअघि भिरकोटमा दुई वटा डिप ट्यूबेल खन्ने काम सम्पन्न भएको छ । भीरकोटको डिप ट्यूबेलमा प्रति सेकेन्ड १९ लिटर पानी निस्कने गरेको छ । ज्याग्दी सिँचाइबाट बञ्चित र आकाशे पानीको भरमा खेत गरिरहेका चापाकोट नगरपालिका-९ पाकरीका ४० घरधुरीका स्थानीयले आउँदो वर्षदेखि सिँचाइको पानी प्रयोग गरी खेतीपाती गर्न पाउने गरी काम अगाडी बढाएको सिँचाइ समितिका अध्यक्ष मणि खनालले बताए । वोरिङ सञ्चालन भएसँगै बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुने भएकाले किसानले व्यावसायिक नगदे बाली तथा तरकारी खेती गर्न पाउने छन् । चापाकोट नगदे बालीमा जिल्लामै प्रख्यात क्षेत्र हो । चापाकोटमा उत्पादित तरकारी जन्य वस्तुहरु जिल्लाकै वालिङ तथा पाल्पाको रामपुर, तनसेन र रुपन्देहीको बुटवलमा निकासी हुँदै आएको छ । उता डिप बोरिङबाट सिँचाइको सुविधा पाउने भएपछि स्थानीयले पाकरी खोला बहुउद्देश्यीय जलशायको डिपिआर अन्यौलमा परेकोमा चिन्ता व्यक्त गरेका छन् । चापाकोट नगरपालिकाले आर्थिक वर्ष २०८१-०८२ को बजेटमा जलशाय आयोजनाको डिपाआर गर्न बजेट विनियोजन गरेपनि थप प्रक्रिया अझै सुरु नसक्दा उनीहरुले चिन्ता व्यक्त गरेका हुन् । कृषि, पर्यटन र रोजगारीका धेरै सम्भावनामा बोकेको बहुउद्देश्यीय जलशाय आयोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन भएको थियो । बहुउद्देश्यीय जलशाय आयोजनाको डिपिआर गर्न नगरपालिकाले उच्च प्राथमिकतामा राखेर नीति तथा कार्यक्रममा प्रस्तुत गरे पनि पालिकाले विभिन्न बाहाना बनाएर प्रक्रिया अगाडि नबढाएपछि स्थानीय चिन्तीत बनेका छन् ।

# म्याग्दी पूर्णखोप सुनिश्चितता जिल्ला घोषणा

रासस
म्याग्दी, २८ बैशाख

म्याग्दी पूर्णखोप सुनिश्चितता एवं दिगोपना जिल्ला घोषणा भएको छ । आज सदरमुकाम बेनीमा आयोजित एक समारोहबीच जिल्लालाई चालु आर्थिक वर्षमा गण्डकी प्रदेशमै पहिलो पूर्णखोप सुनिश्चितता एवं दिगोपना जिल्ला घोषणा गरिएको हो ।




स्वास्थ्यकर्मीहरूले गरेको घरधुरी सर्वेक्षणका क्रममा यहाँ १५ महिनामुनिका एक हजार २३५ जना बालबालिकाले नियमित खोप लगाइरहेको र अन्य सबै लक्षित उमेरका बालबालिकाले खोपको पूरा मात्रा लगाएको भेटिएपछि पूर्णखोप सुनिश्चितता जिल्ला घोषणा गरिएको प्रदेश स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख भुवन ठकुराठीले बताउनुभयो । उहाँका अनुसार मङ्गला र रघुगङ्गा गाउँपालिकामा १६ महिनादेखि २७ महिनासम्मका ३६३ र मालिका, अन्नपूर्ण, धवलागिरि गाउँपलिका र बेनी नगरपालिकामा १६ महिनादेखि ५९ महिनासम्मका तीन हजार २८८ जना बालबालिकाले पूर्णखोप पाएका छन् । यसअघि जिल्लाका ४५ वडा र छ वटै स्थानीय तहमा बालबालिकाको विवरण सङ्कलन र खोपको पूर्ण पहुँच पुऱ्याएर वडा र पालिकालाई पूर्णखोप सुनिश्चिता भएको घोषणा गरिएको थियो ।

जिल्लास्थित जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, स्वास्थ्यकर्मीलगायतले आगामी दिनमा समेत यसको दिगोपना कायम राख्दै अगाडि बढ्न सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका पूर्वभौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले विभिन्न रोगबाट जोगाउने भएकाले हरेक बालबालिकामा पूरा मात्राको खोपको पहुँचलाई निरन्तर कायम राख्नुपर्ने बताउनुभयो । उहाँले दिगो विकास लक्ष्य हासिल गर्न, बालमृत्युदर तथा अपाङ्गताको दर घटाउन खोपले सहयोगी भूमिका खेलेको भन्दै खोपको पहुँच सुनिश्चित गर्न स्वास्थ्यकर्मी र महिला स्वयंसेविकाको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । राष्ट्रिय खोप तालिकाअनुसार नेपालमा बालबालिकाले जन्मेपश्चात् पोलियो, दादुरा, हेपाटाइटिस, जापानिज इन्सेफ्लाइटिस, रुबेला, झाडापखाला, टाइफाइडलगायत रोगविरुद्ध १३ प्रकारका खोप लगाउने गर्छन् ।

कार्यक्रममा खोप अभियानमा महत्वपूर्ण योगदान पुऱ्याएकामा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यचौकी, स्थानीय तहका स्वास्थ्य शाखालाई सम्मान गरिएको थियो । गण्डकी प्रदेश खोप समन्वय समितिका तर्फबाट म्याग्दीलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम गरिएको प्रमाणपत्र प्रदान गरियो ।

प्रदेशसभा सदस्य जुग्जालीमार्फत जिल्ला खोप समन्वय समितिका प्रमुख एवं जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

यस जिल्लामा एउटा जिल्लास्तरीय अस्पताल, एउटा आधारभूत अस्पताल, ३९ स्वास्थ्यचौकी, चार सहरी स्वास्थ्य केन्द्र, ३० सामुदायिक स्वास्थ्य एकाइ, १०७ खोप केन्द्र, ६८ गाउँघर क्लिनिक रहेका छन् । यसअघि विसं २०७१ चैत १५ गते म्याग्दीलाई नेपालकै छैटौँ पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गरिएको थियो ।

# पोखराको रुपातालमाथिको झोलुङ्गे पुल पर्यटक आकर्षणका लागि गन्तव्य बन्दै

सबिना कुबर
पोखरा, २८ बैशाख

पोखराको प्रमुख ताल रुपामाथि झोलुङ्गे पुल निर्माण गरिएको छ । पर्यटकीय आकर्षणका लागि तालमाथि पुल बनाइएको हो ।

२ सय ६९ मिटर लामो पुल तालमाथि बनेपछि पर्यटकको आकर्षण तालमा परेको छ । पोखरा महानगरपालिका वडा नम्बर ३१ र रुपा गाउँपालिका वडा नम्बर ६ जोड्ने गरी पुल निर्माण गरिएको हो ।

पुलको उद्घाटन नहुँदै पर्यटकहरू घुम्न जाने क्रम बढेको पोखरा ३१ का अध्यक्ष ढकनाथ कँडेलले जानकारी दिए । भंगारा पचभैया ट्रेल ब्रिज नामाङ्करण गरिएको उक्त पुल गण्डकी प्रदेश सरकारको १ करोड ३६ लाख ९६ हजार लागतमा बनेको हो । 'तालमाथि झोलुङ्गे पुल यो नै पहिलो होला । अहिले दिनदिनै फोटो खिच्न आउनेहरूको हुल लाग्छ,' उनले भने, 'सम्भावना भएर पनि पछाडि परेको रुपा क्षेत्र यही पुलका कारण चहलपहल बढ्ने विश्वास छ ।'

४ वर्षअघि निर्माण सम्झौता भएको पुल कोरोना संक्रमणका कारण रोकिएको थियो । पुल ३ वर्ष ढिलो गरी निर्माण भएको पूर्वाधार विकास कार्यालय कास्कीका इन्जिनियर हरि थापाले जानकारी दिए । २०७६ साल जेठ २१ गते एक वर्ष भित्र निर्माण सक्ने गरी सम्झौता भएको थियो ।

# भरतपुरमा भूमिगत विद्युतीकरणको काम ७५ प्रतिशत

रासस
चितवन, २८ बैशाख

भरतपुर महानगरपालिकाको सहरी क्षेत्रमा सुरु गरिएको भूमिगत विद्युतीकरणको काम ७५ प्रतिशत सम्पन्न भएको छ ।

नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले भूमिगत विद्युतीकरणको काम केन्द्रीय बस ट्रमिनलबाट टिकौलीसम्मको बाहेक अन्यत्रको भूमिगत गर्ने काम सम्पन्न भएको जनाएको छ । आयोजनाका प्रमुख इञ्जिनीयर आनन्द सुवेदीका अनुसार पूर्व-पश्चिम राजमार्गअन्तर्गत पुलचोकबाट केन्द्रीय बस टर्मिलनसम्मको सडकमा भूमिगत गर्ने काम सम्पन्न भएको छ । ती क्षेत्रमा स्थानीयको घरमा जडानको काम बाँकी रहेको उहाँले जानकारी दिनुभयो । बाइपास सडकमा आँपटारीबाट केन्द्रीय बस टर्मिनलसम्मको सडकमा दाँहिनपट्टी भूमिगतको काम सम्पन्न भएको छभने देब्रेपट्टी भूमिगत गर्ने काम बाँकी छ । उहाँले भन्नुभयो, "फाउण्डेसन राख्ने काम सकिएको छ । केही ठाउँमा मुख्य लाइन जडान बाँकी छ । ३३ केभी जडानको काम सकिएको छभने ११ केभी र ४०० भोल्टको केवल राख्ने काम जारी छ ।" पारस बसपार्कबाट गोन्द्राङ्तर्फको कामका लागि सडक विभागसँग अनुमति लिने प्रक्रिया भइरहेको इञ्जिनीयर सुवेदीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वर्षाको समयमा फाउण्डेसन निर्माणमा कठिनाइ हुने भएकाले केही समय ढिला हुने देखिएको छ ।" खाल्डा खन्ने क्रममा पानी आउने भएकाले वर्षापछि त्यस क्षेत्रको काम सुरु गरिने उहाँले बताउनुभयो । सडक विभागबाट अनुमति आएसँगै काम अघि बढाइने उहाँले जानकारी दिनुभयो ।

केन्द्रीय बस टर्मिनलबाट गोन्द्राङ्सम्मको सडकमा पहिला ३३ केभिए लाइन मात्रै भूमिगत गर्ने भनिए पनि अहिले थप गरी ११ केभिए र चार सय भोल्टको लाइनलाई भूमिगत गरिने उहाँको भनाइ छ ।

**"धम्पुस नाना होलिडे होम्सको संक्षिप्त वातावरणीय अध्ययन (BES) को सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः** २०८२/ ०१ / २९

धम्पुस नाना होलिडे होम्स प्रा. लि. द्वारा गण्डकी प्रदेश, कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ मा प्रस्तावित धम्पुस नाना होलिडे होम्स आयोजनाको माछापुच्छ्रे गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि, २०७७ अनुसार संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन स्वीकृतिको क्रममा सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सरोकारवालाहरुको राय/सुझाव सङ्कलन गर्नुपर्ने भएकोले त्यस क्षेत्रका स्थानीय व्यक्ति, स्थानीय जनप्रतिनिधि, संघ/सस्थाका प्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरू तथा प्रस्तावक संस्थाको प्रतिनिधिबीच संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धि सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै महानुभावहरूको सहभागिताको लागि अनुरोध गरिन्छ ।

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२ जेठ ०८ गते बिहिवार | विहानको ११:०० बजे | माछापुच्छ्रे गाउँपालिका वडा नं. ७, धम्पुसको पोखरी आहल डाँडा गाउँ |

**सम्पर्क व्यक्ति**
धम्पुस नाना होलिडे होम्स प्रा. लि.
सविन परियार
सम्पर्क नं.: ९८६७७५२०१६